खण्ड : ५ संख्या : ०५ मिति : २०७८/०३/२५

# कपिलवस्तु नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ०५ मिति : २०७८/०३/२५

# भाग २

# कपिलवस्तु नगरपालिका

## कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाका आ.व. २०७८/०७९ का निर्णयहरु

### मिति २०७८/०६/०४ गतेको कार्यपालिका बैठकका निर्णयहरु

### कार्यपालिका बैठक संख्या ८४

*बैठकका प्रस्तावहरू :*

*१. विशेष नगरसभा सम्बन्धमा ।*
*२. चालु आ.व.को कार्यक्रमहरू संचालन सम्बन्धमा ।*
*3. समसामायिक विविध ।*

*निर्णयहरू*

*१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७८/०७९ को लागि नवौं नगरसभाबाट योजना तर्जूमा हुँदा २०७७/०७८ का निर्माण हुन नसकेका योजनाहरूलाई आ.व. २०७८/०७९ मा*

निरन्तरता दिने भनि नगरसभाबाट निर्णय गरिएको तर योजना किताब तथा सुत्रमा समावेश नगरिएको हुँदा उक्त योजना तथा कार्यक्रमलाई बजेटमा समेट्न सम्वत् २०७८ असोज ११ गते सोमवार विशेष नगरसभा गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस आ.व. का उपभोक्ता समितिबाट सञ्चालन गरिने योजनाहरू २०७८ कार्तिक मसान्त भित्रमा सम्झौता गरि सक्ने निर्णय गरियो ।

3. समसामायिक विविधमा तपसिल बमोजिमका निर्णय गरियो ।

1. सुरक्षित आप्रवासन कार्यक्रम (सामी परियोजना) आ.व. २०७८/०७९ देखि कार्यालयबाट नै सञ्चालन गर्ने, सो कार्यक्रममा इन्द्रेणी ग्रामिण विकास केन्द्रका तर्फबाट सामी परियोजनामा कार्यरत कर्मचारीहरूलाई २०७८ श्रावण १ गते देखि नै लागु हुने गरी नियुक्ति गर्ने तथा यस आ.व. मा उक्त कार्यक्रम वडा नं. ४, ६, ११ र १२ मा सञ्चालन गर्ने ।

२. यस आ.व. को लागि यस नगर भित्र सूचिकृत भएका ४२३ बेरोजगारहरूलाई अनुमोदन गर्ने ।

3. गत आ.व. मा सुविधा सम्पन्न एम्बुलेन्स खरिद गर्ने भनि निर्णय भए बमोजिम खरिद प्रक्रिया अगाडी बढाइएकोमा उक्त सुविधा सम्पन्न एम्बुलेन्स खरिदमा भन्सार छुटको सुविधा पाउन नसकिएको हुँदा पुर मुल्यमा एम्बुलेन्स खरिद गर्ने, उक्त खरिद प्रक्रियाको म्याद कार्तिक मसान्त सम्म थप गर्ने तथा तत्कालको लागि ५० प्रतिशत पेश्की रकम उपलब्ध गराउने ।

४. नगरपालिका क्षेत्र भित्र केहि ट्रान्सफार्मर आवश्यक भएको हुँदा विशेष नगरसभामा बजेट व्यवस्थापन हुने गरि तत्काल २ थान विधुत ट्रान्सफार्मर खरिद गर्ने ।

५. कपिलवस्तु नगरपालिकाको गेष्ट हाउसमा सटेको सटर राजेश इलेक्ट्रिक सेन्टरले भाडामा लिएकोमा साझा प्रयास अभियान र नगरपालिकाको संयुक्त अभियान अन्तर्गत कोभिडका बिरामी तथा सुरक्षा कर्मीहरूलाई निशुल्क खाना बनाउने प्रयोजनका लागि २०७८ भाद्र महिना सम्म प्रयोग गरिएको हुँदा सो अवधीको सटर भाडा छुट दिइ सम्झौता थप गर्ने ।

६. आ.व. २०७८/०७९ को खरिद गुरु योजनाको समिक्षा गरियो । कार्यन्वयनमा देखिएका कमजोरीहरूलाई सुधार गरि तयार गरिएको आ.व. २०७८/०७९ को खरिद गुरु योजना स्वीकृत गर्ने ।

७. यस कार्यालयका सूचना प्रविधि अधिकृतलाई नेपाल सरकारले बृद्धि गरेको मासिक रू. २,०००/- (दुई हजार) रकम यस नगरपालिकाको तर्फबाट थप गरि भुक्तानी दिने

साथै प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट सोधभर्ना हुने रकम मध्ये नपुग रकम समेत नगरपालिकाबाट विनियोजन गर्ने ।

## मिति २०७८/०६/१० गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ८५

बैठकका प्रस्तावहरू :

१. पुरक विनियोजन विधेयक २०७८ सम्बन्धमा ।
२. योजना संशोधन सम्बन्धमा ।
3. समसामायिक विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक वर्ष २०७८/०७९ को लागि खर्च गर्न बनेको कपिलवस्तु नगरपालिकाको विनियोजन ऐन, २०७८ मा केही योजना तथा कार्यक्रम थप गर्न बनेको पुरक विनियोजन विधेयक २०७८ लाई स्वीकृत गर्न दशौं (विशेष) नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७६/०६/०७ गतेको कार्यपालिका बैठकबाट भएको निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६/०४/२६, च.नं. २४ पत्र संख्या ०७६/०७७ को पत्रानुसार वडा नं .१, ४ र १० मा आधारभूत स्वास्थ्य केन्द्र तत्काल स्थापना गरि संचालन गर्ने र वडा नं ११ को नगर स्वास्थ्य केन्द्रलाई आधारभूत स्वास्थ्य केन्द्रमा परिवर्तन गरी आधारभूत स्वास्थ्य केन्द्रको मापदण्ड अनुसार हुने गरि संचालन गर्ने निर्णय भएकोमा वडा नं. ११ मा स्वास्थ्य चौकी सञ्चालनमा आइ रहेको हुँदा त्यहा आधारभूत स्वास्थ्य केन्द्र हालको आवश्यकता नदेखिएकोले वडा नं. ११ को आधारभूत स्वास्थ्य केन्द्रको योजना संशोधन गरी वडा नं. 3 को आधारभूत स्वास्थ्य केन्द्र कायम गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार काठमाण्डौंमा अनुरोध गर्ने निर्णय गरियो ।

3. गत वर्षमै स्वीकृत IEE प्रतिवेदनमा भएको परिमाणको आधारमा वाणगंगा खोलाको सबै नाकाहरूबाट प्रदेशले जारी गरेको दररेटमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्री वितरणको लागि सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

## मिति २०७८/०८/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ८६

बैठकका प्रस्तावहरू :

१. पूर्व कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. हुलाकी मार्ग निर्माणमा विस्थापित घरपरिवारको व्यवस्थापन सम्बन्धमा ।
३. नदी जन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन सम्बन्धमा ।
४. समसामायिक विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/०६/१० गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरूको समिक्षा गरियो उक्त समिक्षा अनुसार कार्यपालिकाले गरेको सम्पूर्ण निर्णयहरू पूर्ण रूपमा कार्यन्वयन भएको सहर्ष जानकारी गराइन्छ ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा तौलिहवा बजारको जमुवार देखि हुलाकी सडकमा भवानी भिक्षु सम्म पर्ने सडकको दायाँ बायाँ १५/१५ मिटर भित्र अतिक्रमण गरी घर टहरा बनाएका मध्ये तपसिल वमोजिमका पूर्ण विस्थापितहरूलाई यस पूर्वको निर्णय समेतको आधारमा कपिलवस्तु नगरपालिका हालको वडा नं. ४ करबला स्थित कि.नं. ८१७ को ऐलानी जग्गा मध्ये प्रत्येकलाई ५ धुरका दरले जग्गा छुट्याइ सोही बमोजिमको नं. लगाउने तथा अस्थायी भोगाधिकारको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| | नाम थर | ठेगाना | टोकन नं. |
|---|---|---|---|
| १. | विजय कुमारी कसौधन | क.व.न.पा. १ | ६ नं. |
| २. | बद्री गुप्ता | क.व.न.पा. १ | १ नं. |
| ३. | फूलमति कसौधन | क.व.न.पा. ३ | २ नं. |
| ४. | राधिका रैदास | क.व.न.पा. १ | ५ नं. |
| ५. | कान्ति रैदास | क.व.न.पा. १ | ४ नं. |
| ६. | पिन्टु कसौधन | क.व.न.पा. १ | ९ नं. |
| ७. | सकुन्तला कहारिन | क.व.न.पा. १ | ७ नं. |
| ८. | सुनिल हरिजन समेत | क.व.न.पा. १ | ८ नं. |
| ९. | सोमइ पासी | क.व.न.पा. ४ | ३ नं. |
| १०. | प्रभावती मल्लाहिन | क.व.न.पा. ४ | १० नं. |

३. उपरोक्त अनुसारका विस्थापितहरूलाई घर निर्माण वापत देहाय बमोजिमको नगद अनुदान दिने निर्णय गरियो ।

क) प्रथम किस्ता रु. २०,०००/- (बीस हजार) घर निर्माण गर्न शुरु गरेको अवस्थामा ।

ख) दोस्रो किस्ता रु. २०,०००/- (बीस हजार) तथा शौचालय निर्माण वापत रु. २०,०००/- (बीस हजार) घर निर्माणकै क्रममा अनुगमन पश्चात ।

ग) तेस्रो तथा अन्तिम किस्ता रु. १०,०००/- (दश हजार) घर निर्माण सम्पन्न भए पश्चात ।

घ) प्रत्येक घरमा एक/एक वटा हैण्ड पम्प (सम्बन्धितले जडान गर्ने गरि) प्रदान गर्ने ।

समसामायिक विविध निर्णयहरु

१. नगर कार्यपालिकाको कार्यालयले मिति २०७८/०८/०८ को निर्णयबाट वाणगंगा नदी अन्तर्गत कुश्मा नाका, जलैया नाका, सगरहवा तथा तिलौरी नाका र रामघाट नाकाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्नको लागि स्वीकृत गरेको निर्णयलाई अनुमोदन गर्ने तथा ठेक्का बन्दोवस्त नभएका बाँकी २ नाकाहरुको पुन: ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

२. जिल्ला प्रशासन कार्यालय तथा यस कार्यालयमा वडा नं. ६ का राजु आचार्य लगायत १०४ जनाले दिएको खोला व्यवस्थापन तथा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा ढुवानी सम्बन्धमा दिएको ध्यानाकर्षण पत्र बैठकमा जानकारी भयो सो सम्बन्धमा सम्झौतामा उल्लेख भएका कुरा कडाइका साथ पालन गर्न सम्बन्धित ठेकेदारहरुलाई निर्देशन दिने निर्णय गरियो ।

3. स्वास्थ्य शाखा अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम घरभेट PNC कार्यक्रममा छुट्ट्याइएको रकमबाट खर्च हुने गरि प्रति व्यक्ति भेटघाट रु. ३००/- का दरले यातायात खर्च सम्बन्धित स्वास्थ्य कर्मीलाई उपलब्ध गराउने निर्णय गरियो ।

४. वडा नं. १ बाट अनुरोध भए बमोजिम यस आ.व. को परशुराम गल्लीमा बाँकी रहेको ब्लक निर्माण योजनालाई संशोधन गरी नयाँ हाट बजार पछाडी रहेको कहार टोलमा व्लक बिच्छाउने योजना आगामी नगरसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

५. आगामी नगरसभाबाट बजेट व्यवस्थापन हुने गरी वडा नं. 3 स्थित शिवपथमा रहेको अधुरो नाली तथा ढक्कन निर्माण गर्नको लागि रु. ५,००,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकालाई विपक्षी बनाइ प्रिन्स निर्माण सेवाको तर्फबाट सत्रुघन प्रसाद त्रिपाठीले जलैया नाकाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा विक्री वितरण सम्बन्धी उत्प्रेषण परमादेश तथा निषेधाज्ञा समेतको मुद्दा दिएकोमा उच्च अदालत तुल्सीपुर, बुटवल इजलासको मिति २०७८/५/30 को फैसला नगरपालिकाको पक्षमा नभएको हुँदा सो सम्बन्धमा सर्वोच्च अदालतमा रीट दायर गर्ने निर्णय गरियो ।

७. यस कपिलवस्तु नगरपालिका विरुद्ध लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं. १०, रुपन्देही बस्ने प्रिन्स निर्माण सेवाका प्रो. शत्रुघन प्रसाद त्रिपाठीले श्री उच्च अदालत तुलसीपुर बुटवल

*इजलासमा उत्प्रेषण परमादेश समेत (**०७७-WO-०१५०**) को रिट निवेदन दिनु भइ मिति २०७८/०५/30 मा अन्तिम आदेश / फैसला भएकोमा चित्त नबुझी सो उपर श्री सम्मानित अदालत काठमाडौँमा यस नगरपालिकाका नगर प्रमुख किरण सिंह, प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेल र कार्यपालिकाको तर्फबाट दो.पा. को निवेदन दर्ता गराई मुद्दा पुरपक्ष समेत गर्नको लागि जिल्ला सुनसरी इनरूवा नगरपालिका वडा नं. ८ परिवर्तित वडा नं. ५ घर भई हाल का.म.न.पा. वडा नं. 30 डिल्ली बजार बस्ने तारानाथको नाती नारायण प्रसाद भट्टराईको छोरा वर्ष ४२ को कृष्ण कुमार भट्टराईलाई वारिस नियुक्त गर्ने निर्णय गरियो ।*

## मिति २०७८/०९/२६ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ८७

*बैठकका प्रस्तावहरू :*

१. गत बैठकको समिक्षा गर्ने सम्बन्धमा ।
२. ११औं नगरसभाको मिति तोक्ने सम्बन्धमा ।
3. संघीय समपुरक तथा विशेष योजना छनौट सम्बन्धमा ।
४. प्रदेश समपुरक तथा विशेष योजना छनौट सम्बन्धमा ।
५. जिल्ला समन्वय समितिको मौज्दात कोष कार्यक्रम अर्न्तगत योजना छनौट ।
६. सडक बोर्ड नेपालमा माग गर्ने योजना छनौट सम्बन्धमा ।
७. तराई मधेश समृद्धि कार्यक्रमका योजना छनौट
८. आ.व. २०७६/०७७ मा संघीय समपुरक अनुदान कार्यक्रमको बजेट माग सम्बन्धमा ।
९. क.व.न.पा. वडा नं. १२ मा स्वास्थ्य चौकी निर्माण कार्यक्रमको बजेट माग सम्बन्धमा ।
१०. गोटिहवा देखि श्रीरामपुर सडक निर्माणको ठेक्का सम्बन्धमा ।
११. खोलाको ठेक्का सम्बन्धमा ।
१२. स्थानीत तह संस्थागत क्षमता मूल्याँकनको प्रगति सम्बन्धमा ।
५. समसामायिक विविध ।

*निर्णयहरू*

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/०८/२२ गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरूको समिक्षा गरियो उक्त समिक्षा अनुसार कार्यपालिकाले गरेको सम्पूर्ण निर्णयहरू पूर्ण रूपमा कार्यन्वयन भएको सहर्ष जानकारी गराइन्छ ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको ११ औं नगरसभा वि.सं. २०७८ माघ १४ गते शुक्रवारका दिन बस्ने निर्णय गरियो ।
3. प्रस्ताव नं. 3 माथि छलफल गर्दा आ.व. २०७९/०८० को संघीय समपुरक अनुदान तथा बिशेष अनुदान कार्यक्रम अर्न्तगत तपसिल बमोजिमका योजनाहरू माग गर्ने निर्णय गरियो ।
   आ.व. २०७८/०७९ मा संचालित योजना
   १. पिपरहवा लिफ्ट सिचाई योजना क.व.न.पा. १२ ।
   *आ.व. २०७९/०८० को लागि प्रस्तावित संघीय समपुरक अनुदान तर्फका योजनाहरू :*

१. जमुवार पुल देखि नयाँटोल हुदै भिक्षु चौक र बहादुरगंज चौक देखि छोटकी तौलिहवा

सम्मको बाटोमा विधुतीकरण ।

२. भिक्षु चौक देखि मलपरवा हुदै बिजगौरी सम्मको सडक निर्माण ।

३. क.व.न.पा. वडा नं. ९ को वडा कार्यालय भवन निर्माण ।

आ.व. २०७९/०८० को लागि प्रस्तावित संघीय विशेष अनुदान तर्फका योजनाहरू :

१. फुसको छानो मुक्त कार्यक्रम अन्तर्गत (जस्ता पाता खरीद तथा वितरण) ।

२. सितलाबक्स मा.वि. रेहरा क.व.न.पा. ११ मा ४ कोठे विद्यालय भवन निर्माण ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०७९/०८० को लागि प्रदेश समपुरक अनुदान तथा बिशेष अनुदान कार्यक्रम अर्न्तगत तपसिल बमोजिमको योजनाहरू माग गर्ने निर्णय गरियो ।

प्रदेश समपुरक अनुदान तर्फका योजना

१. बिकुली फेदराहट सडक ।

२. बरदहवा लम्तिया रमतलहा सडक ।

३. निगालीकोट खुखुण्डी सडक ।

४. केवलपुर जर्लैया कुश्मा बनकसिया सडक ।

प्रदेश बिशेष अनुदान तर्फका योजना

१. खानेपानी तथा सरसफाई योजना गरीब घर परिवारको लागि ।

२. सामुदायिक विद्यालयहरूमा खानेपानी टंकी जडान ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आनन्दबाग सिकोटवा मलपरवा सडक निर्माणको लागि जिल्ला समन्वय समितिको मौज्दात कोष अर्न्तगतको लागत सहभागिता (६०/४०) कार्यक्रम अर्न्तगत जिल्ला समन्वय समितिमा माग गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा सडक बोर्ड नेपाल कार्यक्रम अर्न्तगत उक्त कार्यक्रमको नियमानुसार लागत सहभागिता बेहोर्ने गरि तपसिल बमोजिमको योजनाहरूको मरम्मत संभारको योजनाहरू छनौट गरि स्वीकृतिको लागि सडक बोर्ड नेपालमा पठाउने गर्ने निर्णय गरियो ।

तपसिल

१. भिक्षु चौक देखि कपिलवस्तु बहुमुखी क्याम्पस हुदै नहर सम्म सडक मरम्मत ।

२. आनन्दबाग पेट्रोल पम्प देखि आँखा अस्पताल बाटो मरम्मत ।

३. कपिलवस्तु बहुमुखी क्याम्पस गेट देखि बुद्ध चौक सम्म सडक मरम्मत ।

४. बरगदवा महुवारिया भावपुर सडक मरम्मत ।

५. क.व.न.पा. वडा नं. ६ शिपुरा देखि खुखुण्डी सडक मरम्मत ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा तराई मधेस समृद्धि कार्यक्रम अर्न्तगत तपसिल बमोजिमका योजनाहरू माग गर्ने निर्णय गरियो ।

तपसिल

आ.व. २०७७/०७८ को अधुरो क्रमागत योजनाहरू

१. सामुदायिक भवन निर्माण सि.एल.सी. सेमरी क.व.न.पा. ६ - रू. ५ (पाँच) लाख ।

२. सामुदायिक भवन निर्माण क.व.न.पा. ४ - रू. ९ (नौ) लाख ५० हजार ।

3. बिठुवा देखि बेलभरिया हुदै हुलाकी सडक सम्म सडक स्तरोन्नती क.व.न.पा. १२ - रू. १० लाख ८५ हजार ।

४. दोहनी चाकरचौडा सडक देखि सेरहिया सेरहवा जाने सडक स्तरोन्नती क.व.न.पा. ७ - रू. २० लाख ५० हजार ।

जम्मा रकम - रू. ४५ लाख ८५ हजार ।

आ.व. २०७९/०८० को लागि प्रस्तावित योजनाहरू

१. श्री कृति आधारभूत विद्यालय महुवा भवन निर्माण क.व.न.पा. ४ ।
२. सौरहा लौसा सडक क.व.न.पा. १२ ।
3. श्री कोटिग्राम नि.मा.वि. गोटिहवा भवन निर्माण क.व.न.पा. ५ ।
४. पश्चिम मैनिहवा कुँवागाउँ कचरिहवा सडक ।
५. बगौहा पश्चिम बरगदवा सडक ।
६. गोटिहवा लौसा सडक ।
७. सिपुरा श्रीरामपुर सडक ।
८. बिठुवा देखि बरगदी घाट सडक ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७६/०७७ मा संघीय समपुरक अनुदान कार्यक्रम अर्न्तगत प्राप्त तपसिल बमोजिमका योजनाहरू कोभिड-१९ ले गर्दा संचालन गर्न नसकेकोले आ.व. २०७७/०७८ मा बहुवर्षिया योजना अर्न्तगत संचालित गरिएकोमा सो योजनाहरूको लागि तहाँ कार्यक्रमबाट बजेट प्राप्त हुन नआएकोले भुक्तानी गर्न समस्या गर्न समस्या सिर्जना भएकोले उक्त योजनाहरूको लागि संघीय समपुरक अनुदान कार्यक्रम अर्न्तगत स्वीकृत बजेट माग गर्ने निर्णय गरियो ।

तपसिल

१. रिसोइन शान्ति बिहार हुदै तिलौराकोट पश्चिम गेट औराहिया सडक । - रू. ६२,००,०००/- (बैसठ्ठी) लाख ।

२. पिपरहवा बिठुवा सौरहा सडक । - रू. १,०९,००,००० (एक करोड नौ लाख )

जम्मा- १,७१,००,०००/- (एक करोड एकहत्तर लाख) ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अर्न्तगत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बजेट शिर्षक नं. ८०१०५११०९ (शसर्त २६३३२) कार्यक्रमबाट कपिलवस्तु नगरपालिका वडा नं. १२ मा स्वास्थ्य चौकी निर्माण ( ११.१.२.३५३) कार्यक्रमको लागि रू. २ (दुई) करोड बजेट प्राप्त हुन आएकोमा उक्त योजनालाई बहुबर्षिया योजनामा समावेश गरि खरीद प्रक्रिया अगाडी बढाइएकोमा यस आ.व. को हाल सम्म पनि बजेट प्राप्त हुन नआएको कारण निर्माण कार्य अगाडी बढाउन समस्या

*परेकोले उक्त योजना संचालन गर्न आवश्यक बजेट सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।*

*१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा आ.व. २०७६/०७७ को प्रदेश समपुरक अनुदान अर्न्तगत ठेक्का नं.* KM/RD/076/077-27 *को गोटिहवा देखि श्रीरामपुर सडकको निर्माण व्यवसायीले सम्झौता अवधी भित्रै काम सम्पन्न नगरेकोले उक्त ठेक्का तोडी २ (दुई) वर्षको लागि उक्त निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सिफारिस गर्ने निर्णय गरियो ।*

*११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा बाणगंगा खोला अर्न्तगत कुरमा नाकाको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री वितरणको लागि मिति २०७८/०८/०८ मा शिवम बिल्डर्स प्रा.लि. लाई ठेक्का स्वीकृत भएकोमा हाल सम्म पनि ठेक्का सम्झौता गर्न नआएको हुँदा निजको धरौटी जफत गरी निजलाई कानून बमोजिम २ बर्षको लागि कालो सूचीमा राख्न सम्बन्धित निकायमा पठाउने साथै उक्त नाकामा अर्को प्रतिष्पर्धी नभएको हुँदा पुनः ठेक्का सूचना आव्हान गर्ने निर्णय गरियो ।*

*१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा आ.व. २०७७/०७८ को स्थानीय तह संस्थागत क्षमता मूल्याँकनको प्रारम्भिक नतिजा पेश गरिएको सहर्ष जानकारी गराउदै प्रारम्भिक नतिजा अनुसार १० वटै विषय क्षेत्र गरि यस नगरपालिकाको समग्रमा प्राप्तांक ६१ रहेकोमा जिल्ला समन्वय समितिबाट प्रारम्भिक नजिता स्वीकृत भए पश्चात सोही बमोजिमको नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।*

*<u>समसामायिक विविध निर्णयहरू</u>*

*१३. आ.व. २०७७/०७८ को ठेक्का नं.* KM/RD/077/078-20 *को वडा नं. ११ को सडक पि.सि.सि. निर्माण कार्यको लागि कार्यालय र श्री एस.एस.के. निर्माण सेवा प्रा.लि. लुम्बिनी सांस्कृतिक नगरपालिका ५ रुपन्देही बीच भएको तोडिएको ठेक्का र कालो सूचीमा सिफारिस भएकोमा सर्मथन गर्ने निर्णय गरियो ।*

*१४. यस नगरपालिकाको कार्यालय भवनको कम्पाउण्ड वाल निर्माण तथा भवनको मरम्मत सम्भारको लागि स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७८ को सर्त बमोजिम बजेट मागको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको योजना तथा अनुगमन शाखामा प्रस्ताव पठाउने निर्णय गरियो ।*

*१५. कपिलवस्तु नगरपालिकाको यशोधरा मा.वि. को पर्खाल र वडा नं. १२ को वडा कार्यालयको पर्खालको लागि इष्टिमेट बमोजिमको रकम आगामी नगरसभामा विनियोजन गर्ने गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।*

*१६. बभनी गाउँको हनुमान मन्दिर निर्माण तथा मरम्मतको लागि अपुग रकम इष्टिमेट बमोजिम आगामी नगरसभाबाट बजेट विनियोजन गर्ने गरि व्यवस्थापन गर्ने ।*

१७. राजस्व परामर्श समितिले तोकेको दररेटमा दैनिक रूपमा राजस्व संकलन हुने गरी कृषि हाटबजार तथा बसपार्कको ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

१८. क.व.न.पा. वडा नं. ६ जगदीशपुर हाट बजारको गत आ.व. मा लकडाउनका कारण बजार नबसेको अवधीको बजार शुल्कलाई सोही दिन बरावरले हुने दिन यस आ.व. मा मिलान गर्ने निर्णय गरियो ।

१९. अर्थ मन्त्रालय वित्तिय संघीयता सम्बन्धी महाशाखाको मिति २०७८/०२/२० च.नं. ६६ को पत्रबाट प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीहरूको लागि मासिक सुविधामा केन्द्रबाट प्राप्त हुने जनही रू. ८,०००/- (आठ हजार) र स्थानीय तहबाट रू. ७,०००/- (सात हजार) का दरले कुल रू. १५,०००/- (पन्ध्र हजार) उपलब्ध गराउने निर्णय बमोजिम २०७८ माघ १ गतेबाट लागु हुने गरी यस नगरपालिका भित्रका प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालयका कर्मचारीहरूलाई नगरपालिकाको तर्फबाट जनही मासिक रू. ७०००/- (सात हजार) उपलब्ध गराउने निर्णय गरियो ।

२०. क.व.न.पा. ५ बाट आ.व. २०७८/०७९ को लागि स्वीकृत तपसिल बमोजिमका योजनाहरू आगामी नगरसभाबाट अनुमोदन हुने गरि संशोधन गर्ने निर्णय गरियो ।

    १. शिर्षक नं. ३११२३ फर्निचर तथा फिक्चर्समा विनियोजित रकम रू. ८३,७००/- लाई पोलहरूमा सडक बत्तीका लागि विनियोजन गर्ने ।

    २. जनचेतना मुलक तालिममा विनियोजित रकम रू. ५०,०००/- लाई घाँसको बीउ खरीदमा रू. २५,०००/- तथा तरकारीको बीउ खरीदमा रू. २५,०००/- विनियोजन गर्ने ।

२१. कपिलवस्तु नगरपालिकाको जमुवार देखि भवानी भिक्षु चौक सम्म तथा हुलाकी सडक छोटकी तौलिहवा सम्म स्ट्रीट लाइट र सि.सि.टि.भि. क्यामेरा जडान कार्य उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

## मिति २०७८/१०/११ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ८८

बैठकका प्रस्तावहरू :

१. गत बैठकको समिक्षा गर्ने सम्बन्धमा ।

२. ११औं नगरसभामा पेश गर्ने विषयवस्तु को छलफल सम्बन्धमा ।

3. समसामायिक विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/०९/२६ गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरूको समिक्षा गरियो उक्त समिक्षा अनुसार कार्यपालिकाले गरेको सम्पूर्ण निर्णयहरू पूर्ण रूपमा कार्यन्वयन भएको सहर्ष जानकारी गराइन्छ ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा वडा कार्यालयहरूबाट संशोधनका लागि आएका योजनाहरू त्था केहि योजनाहरू थप गर्ने गरी तयार गरिएको विनियोजन ऐन, २०७८ तथा पूरक विनियोजन ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

3. मिति २०७८/०९/२६ को कार्यापालिका बैठकबाट जिल्ला समन्वय समितिमा माग गर्ने निर्णय भएका योजनाहरू कार्यविधिको मापदण्डमा नपरेका देखिएकोले सोको सट्टामा निम्न योजनाहरू नगरपालिका तथा जिल्ला समन्वय समितिको साझेदारीमा सञ्चालन हुने गरी माग गर्ने निर्णय गरियो ।

क) गुम्बा प्रा.वि. डेरवा वडा नं. 3 को अधुरो भवन निर्माण ।

ख) बुद्ध पद्यम मा.वि. वडा नं. २ को अधुरो भवन निर्माण ।

ग) प्रा.वि. पिपरहवा वडा नं. १२ को अधुरो भवन निर्माण ।

घ) वडा नं. ८ को कार्यालय भवन निर्माण ।

ङ) श्री कृति आधारभूत विद्यालय महुवा भवन निर्माण क.व.न.पा. ४ ।

४. कपिलवस्तु नगरपालिकाका कर्मचारीको अवकाश कोष सञ्चालन कार्यविधि २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

५. कार्यालयले खरिद गरेको एम्बुलेन्स सम्बन्धित स्थानमा आइसकेको तर कार्यालयमा आउन तथा भुक्तानीको लागि केहि दिन लाग्ने भएको हुँदा प्राइम अटोटेक प्रा.लि.लाई २०७८ फाल्गुन १५ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

६. दीपनगर कृषि सहकारी संस्थाले कृषि सामग्री संस्थाको डिलरसीप माग गरेको हुँदा निजलाई उक्त डिलससिप प्रदान गर्ने निर्णय गरियो ।

७. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०७८/०९/२७ च.नं. १२०४ को पत्रबाट माग भए बमोजिम यस कार्यालयमा कार्यरत एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकको लागि आगामी आ.व. २०७९/०८० मा उक्त जनशक्तिलाई आवश्यक पारिश्रमिकको ५० प्रतिशत रकम नगरपालिकाबाट साझेदारी गर्ने प्रतिबद्धता प्रदान गर्ने निर्णय गरियो ।

८. यातायात व्यवस्था सेवा कार्यालय तौलिहवामा स्थापना गरी सेवा सञ्चालन गर्ने प्रयोजनार्थ हाल अन्य उपयुक्त स्थान नभेटिएको हुँदा तत्काल अन्य व्यवस्था नभए सम्मको लागि नगरपालिकाको अतिथि गृहको माथिल्लो तल्ला उक्त कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

९. जिल्ला समन्वय समितिको मिति २०७७/०६/२९ च.नं. १५१ को पत्रबाट निर्णयको लागि अनुरोध भइ आएको सम्दर्भमा निज ढुङ्गनाथ बढई तथा सो संग सम्बन्धित ट्रेक्टरको नगरपालिकासंग कुनै सम्बन्ध नरहेको तथा नगरपालिकाबाट सो संग सम्बन्धित राजस्व वा

धरौटी लिन पत्राचार समेत नगरेको देखिदा तहाँ रहेको धरौटी रकम कानून बमोजिम फिर्ता दिन मिल्ने भएमा निजलाई फिर्ता गर्न सिफारिस गर्ने निर्णय गरियो ।

१०. कपिलवस्तु नगरपालिकाको भवन आचार संहिता मापदण्डमा केहि दफाहरूमा संशोधन गर्नु पर्ने देखिएकोले संशोधित बुँदाहरू स्वीकृतार्थ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

११. विगत वर्ष देखि नै कोभिड-१९ को संक्रमणलाई नियन्त्रण तथा बिरामीहरूको उपचारमा पुर्‍याएका योगदान वापत कपिलवस्तु नगरपालिका स्वास्थ्य शाखा प्रमुख श्री उमेश प्रसाद गुप्तालाई ११औँ नगरसभाबाट सम्मान गर्ने निर्णय गरियो ।

१२. कपिलवस्तु नगरपालिकाका सम्पूर्ण जनप्रतिनीधिहरूलाई हाल सम्म नगरपालिकाको सर्वाङ्गिण विकासमा पुर्‍याएको योगदान स्वरूप ११औँ नगरसभाबाट कदर पत्र प्रदान गर्ने निर्णय गरियो ।

१३. सडक विस्तारको क्रममा कपिलवस्तु नगरपालिका वडा नं. १२ को वडा कार्यालय भवनको वाउण्ड्रीवाल भत्काइएकोमा वडा कार्यालय भवनको सुरक्षा हेतु तत्काल बाउण्ड्रीवाल निर्माण गर्नु पर्ने आवश्यक देखिएकोले उक्त निर्माण कार्य ठेक्का प्रक्रियाबाट गराउदा समय लाग्ने हुँदा तत्काल उपभोक्ता समिति

## मिति २०७८/१०/२५ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ८९

बैठकका प्रस्तावहरू :

१. गत बैठकको समिक्षा गर्ने सम्बन्धमा ।
२. शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
3. प्रशासनिक भवनको कार्य वापत रकम थप गर्ने सम्बन्धमा ।
४. एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धमा ।
५. एकीकृत दलित वस्तीको माग सम्बन्धमा ।
६. समसामायिक विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८।१०।११ गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरूको समिक्षा गरियो उक्त समिक्षा अनुसार कार्यपालिकाले गरेको सम्पूर्ण निर्णयहरू पूर्ण रुपमा कार्यन्वयन भएको सहर्ष जानकारी गराइन्छ ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा कपिलवस्तु नगरपालिका वडा नं. ५ का वडा सदस्य राम फेरन कुर्मीको मिति २०७८/१०/१६ गते असामयिक निधन भएकोमा निज प्रति कपिलवस्तु नगरपालिका हार्दिक श्राद्धञ्जली अर्पण गर्दछ । साथै आजको बैठकबाट निज राम फेरन

कुर्मीको असामयिक निधन प्रति पेश भएको शोक प्रस्ताव पारित गरिन्छ साथै क्रिया खर्च बापत निजको नजिकको हकदारलाई रु. १५०००/- (पन्ध्रा हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

3. प्रस्ताव नं. 3 माथि छलफल गर्दा नगरपालिकाको प्रशासनिक भवनको ठेक्का नं. KM/BDG/077/078/14 को मुक्ति कन्सट्रक्सनसंगको सम्झौता बमोजिम चौथो तला निर्माण कार्य गर्दा पूर्व लागत इष्टिमेटमा केहि परिमाण थप गर्नु पर्ने देखिएकोले सो परिमाण समावेश गर्दा सम्झौता रकममा १५ प्रतिशत भन्दा बढी भेरिएसन हुन भएको हुँदा यस नगरपालिकाको सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम सो भेरिएसनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिकाले खरिद गरेको एम्बुलेन्स सन्चालन व्यवस्थापनको लागि जिल्ला अस्पताल वा अन्य कुनै संघ संस्थासंग छलफल गरी उचित व्यवस्थापन गर्न नगर प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा श्री संघीय आयोजना कार्यान्वयन इकाई सिद्धार्थनगर, रुपन्देहीको पत्र सं. ०७८/०७९, च.नं. ११९४ मिति २०७८/०९/२५ को प्राप्त पत्रबाट माग भए बमोजिम वडा नं. १२ स्थित बिठुवाको हरिजन बस्तीमा एकीकृत दलित बस्ती व्यवस्थापनको लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

## मिति २०७९/०१/०८ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ९०

बैठकका प्रस्तावहरु :

१. गत बैठकको समिक्षा गर्ने सम्बन्धमा ।
२. कार्यवाहकको जिम्मेवारी सम्बन्धमा ।
3. जनप्रतिनिधिहरुलाई बधाइ तथा धन्यवाद व्यक्त गर्ने सम्बन्धमा ।
४. समसामायिक विविध ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/१०/१५ गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो उक्त समिक्षा अनुसार कार्यपालिकाले गरेको सम्पूर्ण निर्णयहरु पूर्ण रुपमा कार्यन्वयन भएको सहर्ष जानकारी गराइन्छ ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी स्थानीय तह निर्वाचनमा मनोनयन गर्नको लागि हालको पदबाट राजिनामा दिनु पर्ने कानुनी प्रावधान बमोजिम जनप्रतिनिधिहरुले राजिनामा दिदा

*कतिपय वडा जनप्रतिनिधि विहिन हुन सक्ने देखिएको, सो अवधीमा जनताको अत्यावश्यक काम रोकिन सक्ने तथ्यलाई मध्य नजर गरी स्थानीय सरकार संचालन ऐने २०७४ को दफा ११६ बमोजिम जनप्रतिनिधि बाकी रहेका वडाहरूमा सोही सदस्यबाट र सबै पद रिक्त भएका वडाहरूको हकमा तत् तत् वडाका वडा सचिवहरूबाट कार्यवाहक वडा अध्यक्षको रूपमा कार्य संचालन गर्ने निर्णय गरियो ।*

3. *प्रस्ताव नं. 3 माथि छलफल गर्दा संघीयता पछिको पहिलो जनप्रतिनिधिको रूपमा सफल कार्यकाल सम्पन्न गर्नु भएका सबै जनप्रतिनिधिहरूलाई हार्दिक बधाइ एवम् धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।*

## मिति २०७९/०२/१७ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ९१

*बैठकका प्रस्तावहरू :*

१. *निवर्तमान पदाधिकारीलाई धन्यवाद ज्ञापन सम्बन्धमा ।*
२. *मतदाताहरूलाई धन्यबाद ज्ञापन सम्बन्धमा ।*
3. *स्वास्थ्य विमा कार्यक्रम सम्बन्धमा ।*
४. *फुसको छानो मुक्त कार्यक्रमको निरन्तरता सम्बन्धमा ।*
५. *कपिलवस्तु नगरपालिकालाई हिलो मुक्त बनाउने सम्बन्धमा ।*
६. *विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।*
७. *सामुदायिक विद्यालयले लिने शुल्क सम्बन्धमा ।*
८. *स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।*
९. *समसामायिक विविध ।*

*निर्णयहरू*

१. *प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कपिलवस्तु नगरपालिकाका सम्पूर्ण निवर्तमान पदाधिकारीहरूलाई उहाँहरूले ५ वर्षमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै हार्दिक धन्यवादका साथ विदाई गर्ने ।*
२. *प्रस्ताव नं. २ माथि छलफल गर्दा आसन्न स्थानीय तहको निर्वाचनमा आफ्नो अमूल्य मत दिइ विजयी गराउनु हुने कपिलवस्तु नगरपालिकाका सम्पूर्ण मतदाताहरूलाई आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिने ।*
3. *प्रस्ताव नं. 3 माथि छलफल गर्दा आगामी आ.व. देखि कपिलवस्तु नगरपालिका भित्रका सबै घरधुरीमा बसोवास गर्ने परिवारका लागि स्वास्थ्य विमा कार्यक्रम लागु गर्ने, विमा शुल्क वापत नगरपालिकाले ५० प्रतिशत रकम बेहोर्ने गरी बजेट व्यवस्थापन गर्ने ।*
४. *प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिका भित्रका फुसको छानोलाई विस्थापित गरी जस्ता पाता वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिदै हाल प्राप्त जस्ता पातालाई वडा नं. १०, ११ र १२ का फुसको छानो भएका घरका व्यक्तिहरूलाई प्राविधिक र सम्बन्धित वडाका प्रतिनिधिहरूको रोहवरमा वितरण गर्ने तथा यस पूर्व तयार गरेको जस्ता पाता वितरण कार्यविधिलाई संशोधन गरी अर्को बैठकमा पेश गर्ने ।*

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामी ५ वर्ष भित्रमा यस कपिलवस्तु नगरपालिकालाई हिलो मुक्त नगरपालिका बनाउने गरी आगामी कार्यक्रमहरू प्रस्ताव गर्ने ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा पुराना विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भइ हाल सम्म पनि व्यवस्थापन समति गठन नगरेका विद्यालयहरूले २०७८ असार मसान्त भित्र विद्यालय व्यवस्थापन समिति गठन गरि सक्ने तथा सो अवधी भित्र समिति गठन नगर्ने विद्यालयहरूको अनुदान रोक्का गर्ने ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा माध्यमिक तह सम्म निशुल्क शिक्षा दिने राष्ट्रिय नीति बमोजिम विद्यालयमा कुनै पनि प्रकृतिको शुल्क नउठाउने व्यवस्थाको लागि सबै विद्यालयहरूको शिक्षक दरबन्दी उपलब्धता तथा भौतिक पूर्वाधार समेतको तथ्याँक संकलन गर्ने तथा सामान्य व्यवस्थापनको लागि प्रत्येक विद्यालयलाई के-कति बजेट व्यवस्थापन गर्नु पर्ने हो शिक्षा युवा तथा खेलकुद शाखाबाट प्रतिवेदन लिइ अर्को बैठकमा पेश गर्ने ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कपिलवस्तु नगरपालिका भित्रका सबै विद्यालयहरूमा लागु हुने गरी कक्षा ६, ७ र ८ को लागि तयार गरेको स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने तथा सोही पाठ्यक्रमको आधारमा पुस्तक तयार गर्ने तथा स्वीकृत पाठ्यक्रम बमोजिम यहि शैक्षिक सत्रबाट विद्यालयमा पठनपाठन गर्ने गराउने ।

९. <u>समसामायिक विविध निर्णयहरू</u>

1. यस आ.व. मा विनियोजित योजनाहरू मध्ये हाल सम्म पनि सम्झौता नभएका तथा २०७८ असार १० गते भित्र सम्पन्न गर्न सकिने प्रकृतिका रू. ५ लाख भन्दा साना योजनाहरूलाई २०७८ जेठ २५ गते भित्रमा सम्झौता गरि सक्ने तथा योजनाहरूको कार्य सम्पन्न भई २०७८ असार १५ गते भित्र भुक्तानी भइ सक्ने गरी व्यवस्थापन गर्ने ।

२. कृषि विकास बैंक देखि महिता सम्म जाने सडक अत्यन्त जिर्ण भइ सवारी आवागमनमा असुविधा भएको उक्त अधुरो सडक नगरपालिकाको स्रोतबाट सम्पन्न गर्न नसकिने हुँदा तत्काल मर्मत सम्भार गरी सडक निर्माणमा बजेट व्यवस्थापन गर्न भवन आवास तथा शहरी विकास कार्यालय, संघीय कार्यान्वयन इकाइ भैरहवालाई अनुरोध गर्ने ।

3. हुलाकी सडक अन्तर्गत विधुत कार्यालय नजिकको वाणगंगा शाखा नहरको विकासको उचित व्यवस्था नभएको कारण वर्षाको समयमा बजार डुब्ने सम्भावना भएकोले उक्त नालाको उचित निकासको व्यवस्था गरिदिन हुलाकी सडक कार्यालय तथा सम्बन्धित निकायमा अनुरोध गर्ने ।

४. कपिलवस्तु नगरपालिकामा अधिकांश खेती योग्य जग्गा रहेको तर आवश्यक पर्ने मालखाद्य कृषि सामाग्री केन्द्रबाट अति न्यून उपलब्ध भइ रहेको परिप्रेक्ष्यमा कपिलवस्तु नगरपालिकालाई दिइने मलखाद्यको कोटा बृद्धि गर्नलाई सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

५. विभिन्न सहकारी संस्थाहरूले पाउने मलखाद्यको कोटा र सहकारीले लिन पाउने अधिकतम मूल्य समितिबाट निर्णय गराइ कृषि सामाग्री संस्थान तथा हरेक वडा कार्यालयहरूमा पठाइएको छ । सो अनुसार आ-आफ्ना वडा भित्रका सहकारी संस्था तथा तिनीहरूले वितरण गर्ने मलखाद्यको अनुगमन, कार्यान्वयन सम्बन्धित वडा कार्यालयबाट गर्ने ।

## मिति २०७९/०२/२९ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ९२

*बैठकका प्रस्तावहरू :*

१. गत बैठकको समिक्षा गर्ने ।
२. १२औं नगरसभाको मिति तोक्ने ।
३. विभिन्न समितिहरूमा मनोनयन गर्ने ।
४. आगामी आ.व.को योजना तयारी ।
५. वडागत बजेट सिलिङ तथा कार्यक्रम ।
६. समसामायिक विविध ।

*निर्णयहरू*

१. मिति २०७८/०२/१७ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरूको कार्यन्वयन पूर्णरूपमा भएको सहर्ष जानकारी गराइन्छ ।

२. कपिलवस्तु नगरपालिकाको नगर सभा सम्वत २०७८ साल असार महिनाको १० गते शुक्रवारका दिन शुरूवात गर्ने ।

३. स्थानीय सरकार सञ्चालन ऐन तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन बमोजिम स्थानीय तहमा कार्यपालकाका देहायका समितिहरूमा देहायका सदस्यहरूलाई संयोजक तथा सदस्य तोक्ने

   १. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका सदस्यहरू
      १. श्री गोविन्द कहार
      २. श्री प्रेमा देवी कोरी
      ३. श्री मानती कहारिन
      ४. श्री दिरेप कुमार चौधरी
   २. स्थानीय राजस्व परामर्श समितिका सदस्यहरू
      १. श्री रामदास चमार
      २. श्री शिरविन्दु थारू
   ३. आर्थिक विकास समिति
      १. श्री इन्सान अलि धुनिया - संयोजक
      २. श्री चन्द्रा कुर्मी - सदस्य
      ३. श्री इन्द्रमणी कुर्मी - सदस्य
      ४. श्री केशव प्रसाद हरिजन (पशु विकास अधिकृत) - सदस्य सचिव
   ४. सामाजिक विकास समिति
      १. श्री दिरेप कुमार चौधरी - संयोजक

२. श्री रामदीन प्रसाद कुर्मी - सदस्य
3. श्री राम गोपाल यादव - सदस्य
४. श्री हरि प्रसाद ज्ञवाली (शिक्षा शाखा प्रमुख) - सदस्य सचिव

५. पूर्वाधार विकास समिति
१. श्री अशोक गुप्ता - संयोजक
२. श्री प्रभावती यादव - सदस्य
3. श्री रवेन्द्र प्रसाद तिवारी - सदस्य
४. श्री राजेश कुमार शैनी (योजना शाखा प्रमुख) - सदस्य सचिव

६. बन वातावरण तथा विपद व्यवस्थापन समिति
१. इन्द्रमणी कुर्मी - संयोजक
२. श्री गोविन्द कहार - सदस्य
3. श्री चन्दा कुर्मी - सदस्य
४. श्री पदम राज श्रेष्ठ (सामाजिक विकास शाखा प्रमुख) - सदस्य सचिव

७. संस्थागत विकास र सुशासन समिति
१. श्री गंगेश बर्मा - संयोजक
२. श्री प्रभावती यादव - सदस्य
3. श्री शिरविन्दु थारू - सदस्य
४. श्री बिनोद कुंवर (प्रशासन शाखा प्रमुख) - सदस्य सचिव

८. विधेयक समिति
१. श्री जाहिद खान - संयोजक
२. श्री गंगेश बर्मा - सदस्य
3. श्री अशोक गुप्ता - सदस्य
४. श्री शिवेन्द्र कुमार पासी (सूचना प्रविधि शाखा प्रमुख) - सदस्य सचिव

९. नगर शिक्षा समिति
१. श्री दिपक गुरूङ - सदस्य
२. श्री मानती कहाइन - सदस्य

१०. कृषि तथा पशु विकास समिति
१. रवेन्द्र प्रसाद तिवारी - सदस्य

४. मिति २०७८ असार १० गते हुने नगरसभामा पेश गर्ने नीति कार्यक्रम तथा याजना तया गर्ने प्रयोजनका लागि वडागत सिलिङ् भित्र रही प्रत्येक वडाले वस्ती तथा टोल भेला गराई २०७८ असार ५ गते भित्रमा प्राथमिकीकरण समेत गरी अनिवार्य नगरपालिकामा पेश गर्ने । सो पछि विषयगत समितिका बैठकहरू बसी असार ७ गते भित्रमा कार्यपालिका बैठकमा पेश गर्ने ।

५. राजस्व परामर्श समितिबाट सिफारिस भएको आन्तरिक आय संघ तथा प्रदेशबाट प्राप्त हुने अनुमानित अनुदानको आधारमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले सिलिङ् तयार गरी वडा स्तरमा पठाउने तथा विभिन्न विषयगत समितिहरूले आ-आफ्नो क्षेत्रगत बजेट तयार गरी कार्यपालिका बैठकमा पेश गर्ने ।

६. समसामायिक विविध निर्णयहरू

१. कपिलवस्तु नगरपालिका वडा नं. ८ बाट माग भइ आए बमोजिम जगदीशपुर ताल लगायत पर्यटकीय क्षेत्र रहेको क्षेत्रमा हाल सम्म प्रहरी चौकी नभएको, बैकिङ् सुविधा उपलब्ध गराउनु पर्ने भएकोले शान्ति सुरक्षा कायम राख्न अपरिहार्य भएको हुँदा वडा नं. ८ को जगदीशपुरमा ५ जना भन्दा बढी प्रहरी संख्या रहने गरी अस्थायी प्रहरी पोष्टको व्यवस्था गरिदिन जिल्ला प्रशासन कार्यालय कपिलवस्तु लगायत सम्बन्धित निकायमा अनुरोध गर्ने ।

२. सहिद स्मृति भवन निर्माण गर्ने प्रयोजनका लागि जग्गा माग गरेको परिप्रेक्ष्यमा उचित स्थानको जग्गा पहिचान गरी सिफारिस दिन नगर प्रमुख ज्यूलाई अधिकार प्रदान गर्ने ।

३. कपिलवस्तु नगरपालिकाको सामाजिक विकास सल्लाहकारको रूपमा वडा नं. ८ निवासी श्री अब्दुल रसिद खाँलाई मनोनयन गर्ने ।

## मिति २०७८/०३/०८ गतेको कार्यपालिका बैठकका निर्णयहरू

## कार्यपालिका बैठक संख्या ८३

बैठकका प्रस्तावहरू :

१. गत बैठकको समिक्षा गर्ने ।
२. आ.व. २०७८/०८० को नीति तथा कार्यक्रम पेश गर्ने ।
३. आर्थिक विधेयक तथा विनियोजन विधेयकमा छलफल गर्ने ।
४. समसामायिक विविध ।

निर्णयहरू

१. मिति २०७८/०२/२८ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरूको कार्यन्वयनको सन्दर्भमा छलफल हुँदा गत बैठकबाट भएका निर्णयहरू पूर्णरूपमा कार्यन्वयन भइ रहेको सहर्ष जानकारी गराइन्छ ।

२. विभिन्न विषयगत समितिहरूबाट सिफारिस भइ आएको आर्थिक वर्ष २०७८/०८० को वार्षिक नीतिमा व्यापक छलफल भइ स्वीकृत गर्नको लागि नगरसभामा सिफारिस गर्ने ।

३. राजस्व परामर्श समितिबाट सिफारिस भइ आएको विभिन्न कर दस्तुर र शुल्क समेटिएको कपिलवस्तु नगरपालिकाको आर्थिक विधेयक २०७८ लाई स्वीकृतार्थ नगरसभामा सिफारिस गर्ने ।

४. वडाहरूबाट सिलिङ्ग बमोजिम आएका योजनाहरू तथा विषयगत शाखा तथा नगरस्तरीय कार्यक्रम तथा योजनाहरूलाई योजना तर्जुमा समितिमा पठाउने तथा सो समितिबाट तयार भइ आएपछि अर्को बैठकमा पेश गर्ने ।

५. नेपाल सरकारले भूउपयोग नियमावली २०७८ जारी गरी नेपाल राजपत्रमा समेत प्रकाशित गरेको हुँदा यस नगरपालिका भित्रका जग्गाहरूमा कित्ताकाट गर्नु पूर्व स्थानीय भु-उपयोग परिषदले प्रत्येक कित्ता जग्गा कृषि क्षेत्र हो वा आवासीय जग्गा हो भनी निर्णय गरेर मालपोत नापीमा पठाउनु पर्ने हुँदा आ-आफ्नो वडा भित्रका कुन जग्गा कृषि योग्य तथा कुन जग्गा आवासीय हो स्थलगत अध्ययन गरी तत् तत् वडाले विवरण संकलन गर्ने ।

## समसामायिक विविध निर्णयहरू

६. बढदो महंगी तथा नेपाल सरकारले गरेको तलब बृद्धिलाई समेत ध्यानमा राखेर नगरपालिकाको स्रोतबाट तलब भत्ता खाने देहायका पदको लागि देहाय बमोजिम मासिक तलब कायम गर्ने ।

(क) वडा कार्यालय तथा न.पा. मा कार्यरत सामाजिक परिचालक कार्यालय सहायक तथा आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य क्लिनिक र तिलौराकोट स्वास्थ्य चौकीमा कार्यरत हे.अ., अ.हे.व. तथा अ.न.मी. र सहायक चौथो तहका कर्मचारीका लागि मासिक रू. २५,०००/-

(ख) नगरपालिका तथा वडा कार्यालयमा कार्यरत श्रेणी विहिन कर्मचारी कार्यालय सहयोगी, विधुत हेल्पर, कुचिकार तथा माली कर्मचारीको लागि मासिक रू. २२,०००/- तथा हलुका सवारी चालकको लागि मासिक रू. २२,०००/-

(ग) आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य क्लिनिक तथा तिलौराकोट स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी/स्वीपर, पाले कर्मचारीको लागि मासिक रू. १६,०००/-

(घ) नगरपालिकाको अनुदानमा कार्यरत प्रा.वि., नि.मा.वि. तथा मा.वि. स्वयम् सेवक तथा शिक्षण सिकाइ अनुदान शिक्षकहरूको मासिक तलबमा रू. १०००/- (एक हजार) का दरले बृद्धि गर्ने साथै पोषाक खर्च वार्षिक रू. ५०००/- (पाँच हजार) ।

(ङ) नगरपालिकाको तर्फबाट समेत मासिक थप तलब पाइरहेका विद्यालय कर्मचारी लेखाको हकमा न.पा. को तर्फबाट मासिक रू. २१,०००/- (एक्काइस हजार) ।

(च) नगरपालिकाको कन्टिजेन्सीबाट तलब भुक्तानी हुने सत्यम बर्मा, शिरिष श्रीवास्तव र अब्दुल कलाम शेषलाई नेपाल सरकारको तलब स्केल बमोजिमको मासिक रकम ।

७. वडा नं. ८ कार्यालयको मिति २०७८/03/05 च.नं. १३८६ को पत्रबाट सिफारिस भइ आएको स्थायी प्रहरी पोष्ट, दोहनीको लागि वडा कार्यालय छेउमा रहेको पोखरीको उत्तरपट्टी रहेको कि.नं. ............... को ऐलानी जग्गामा .................. बाट क्षेत्रफल जग्गा उक्त स्थायी प्रहरी पोष्टको लागि उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

८. सबै वडामा सडक बत्ती व्यवस्थापन गर्न हाल उपलब्ध विधुत हेल्परबाट सहज नभएकोले वडामा एक विधुत हेल्पर तथा कार्यालयमा एक जना विधुत सहायकको पद आवश्यक भएको हुँदा ओ. एण्ड एम. नहुँदा सम्मको लागि थप 3 जना नियुक्त गरि कामकाज गराउने ।

९. बजार व्यवस्थापन गर्न नगर प्रहरीको संख्याको अपुग देखिएकोले ओ.एण्ड एम. भए पछि सोही अनुसार हुने गरी हाललाई थप १० जना नगर प्रहरी नियुक्त गर्ने ।

१०. कार्यालयमा मौजुदा दुईवटा सवारी साधन मध्ये बोलेरो गाडी निकै पुरानो भइ काममा आउन नसकेको, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा अनुगमनमा जाने कर्मचारीको लागि

सवारी साधन नभएको हुँदा अन्य व्यवस्था नहुँदा सम्मको लागि एउटा स्कार्पियो गाडी भाडामा लिने ।

## मिति २०७९/०३/१३ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ९४

बैठकका प्रस्तावहरू :

१. सशर्त तर्फको कार्यक्रम स्वीकृत गर्ने ।
२. विनियोजन विधेयकमा छलफल गर्ने ।
३. भू-उपयोग परिषद सम्बन्धी
४. कर्मचारी, शिक्षक प्रोत्साहन तथा सुविधा सम्बन्धमा ।
५. समसामायिक विविध ।

निर्णयहरू

१. आ.व. २०७८/०७९ को लागि सशर्त तर्फ थप भइ आएको अख्तियारी बमोजिमको कार्यक्रम स्वीकृत गर्ने ।

२. वडाहरूबाट सिलिङ्ग बमोजिम आएका योजनाहरू तथा विषयगत शाखा तथा नगरस्तरीय कार्यक्रम तथा योजनाहरूलाई योजना तर्जुमा समितिबाट पेश भएको विनियोजन विधेयक २०७९ स्वीकृतार्थ नगरसभामा सिफारिस साथ पेश गर्ने ।

३. नेपाल सरकारले भूउपयोग नियमावली २०७९ जारी गरी नेपाल राजपत्रमा समेत प्रकाशित गरेको हुँदा यस नगरपालिका भित्रका जग्गाहरूमा कित्ताकाट गर्नु पूर्व स्थानीय भु-उपयोग परिषदले प्रत्येक कित्ता जग्गा कृषि क्षेत्र हो वा आवासीय जग्गा हो भनी निर्णय गरेर मालपोत नापीमा पठाउनु पर्ने हुँदा आ-आफ्नो वडा भित्रका कुन जग्गा कृषि योग्य तथा कुन जग्गा आवासीय हो स्थलगत अध्ययन गरी तत् तत् वडाले विवरण संकलन गर्ने ।

४. बढदो महंगी तथा नेपाल सरकारले गरेको तलब बृद्धिलाई समेत ध्यानमा राखेर नगरपालिकाको स्रोतबाट तलब भत्ता खाने देहायका पदको लागि देहाय बमोजिम मासिक तलब कायम गर्ने ।

(क) वडा कार्यालय तथा न.पा. मा कार्यरत सामाजिक परिचालक कार्यालय सहायक तथा आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य क्लिनिक र तिलौराकोट स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. तथा अ.न.मी. कर्मचारीका लागि मासिक रू. २३,०००/- तथा हे.अ. का लागि मासिक रू. २४०००/-

(ख) नगरपालिका तथा वडा कार्यालयमा कार्यरत श्रेणी विहिन कर्मचारी कार्यालय सहयोगी, विधुत हेल्पर, कुचिकार तथा माली कर्मचारीको लागि मासिक रू. २०,०००/- तथा हलुका सवारी चालकको लागि मासिक रू. २२,०००/-

(ग) आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य क्लिनिक तथा तिलौराकोट स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी/स्वीपर, पाले कर्मचारीको लागि मासिक रू. १६,०००/-

(घ) नगरपालिकाको अनुदानमा कार्यरत स्वयम् सेवक शिक्षक प्रा.वि.तह रू. १६,०००/- नि.मा.वि. तह रू. १७,०००/- तथा मा.वि. तह रू. १८,०००/- तथा शिक्षण सिकाइ अनुदान शिक्षकहरू रू. १६,०००/-साथै पोषाक खर्च वार्षिक रू. ५०००/-

(ङ) नगरपालिकाको तर्फबाट समेत मासिक थप तलब पाइरहेका विद्यालय कर्मचारी लेखाको हकमा न.पा. को तर्फबाट मासिक रू. १२,५००/-

(च) नगरपालिकाको कन्टिजेन्सीबाट तलबभुक्तानीहुने सत्यम बर्मा, शिरिष श्रीवास्तव र अब्दुल कलाम शेषलाई नेपाल सरकारको तलब स्केल बमोजिमको मासिक रकम ।

७. सूचना प्रविधि अधिकृत तथा एम.आई.एस. अपरेटरको नपुग रकम नगरपालिकाको लागत सहभागिताबाट व्यवस्थापन गर्ने साथै एक गाउँ एक कृषि प्राविधिकको लागि नगरपालिका तर्फबाट एकमुष्ठ रू. ६,००,०००/- बजेट विनियोजन गर्ने ।

समसामायिक विविध निर्णयहरू

८. वडा नं. ८ कार्यालयको मिति २०७८/03/0५ च.नं. १3८६ को पत्रबाट सिफारिस भइ आएको स्थायी प्रहरी पोष्ट, दोहनीको लागि वडा कार्यालय छेउमा रहेको पोखरीको उत्तर पट्टी रहेको दोहनी 1 (क) कि.नं. ८3 को ऐलानी जग्गाको क्षेत्रफल 1-६-3 मध्येबाट नम्वरी जग्गाको दक्षिण, पोखरीको उत्तर पूर्व तर्फबाट २ कट्ठा क्षेत्रफल जग्गा उक्त स्थायी प्रहरी पोष्टको लागि उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

९. सबै वडामा सडक बत्ती व्यवस्थापन गर्न हाल उपलब्ध विधुत हेल्परबाट सहज नभएकोले दुई वडामा एक विधुत हेल्पर रहने गरी वडाको लागि दुईजना र नगरपालिकामा रहने गरि एक जना विधुत हेल्परको पद आवश्यक भएको हुँदा ओ. एण्ड एम. नहुँदा सम्मको लागि थप 3 जना नियुक्त गरि कामकाज गराउने ।

१०. यस नगरपालिकामा दिनानदिन शहरी क्षेत्रमा वृद्धि भइ रहेको, न्यायीक समितिको निर्णय कार्यन्वयन गर्न, सार्वजनिक सम्पत्ती संरक्षण गर्न तथा बजार व्यवस्थापन गर्न नगर प्रहरीको संख्याको अपुग देखिएकोले ओ.एण्ड एम. भए पछि सोही अनुसार हुने गरी हाललाई थप १० जना नगर प्रहरी नियुक्त गर्ने ।

११. कार्यालयमा मौजुदा दुईवटा सवारी साधन मध्ये बोलेरो गाडी निकै पुरानो भइ काममा आउन नसकेको, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा अनुगमनमा जाने कर्मचारीको लागि सवारी साधन नभएको हुँदा अन्य व्यवस्था नहुँदा सम्मको लागि एउटा स्कार्पियो गाडी भाडामा लिने साथै नगर प्रमुखको लागि एक जना हलुका सवारी चालक नियुक्त गर्ने ।

१२. प्रत्येक वडा कार्यालयमा रातीको समयमा पालो पहराको लागि मासिक रू. ७,०००/- सुविधा दिने गरी चौकीदार नभएको वडामा चौकीदार नियुक्त गर्ने ।

१3. नेपाल पत्रकार महासंघ शाखा कपिलवस्तुको सिफारिस बमोजिम पत्रकार श्री नारद कोहारलाई यस वर्षको उत्कृष्ट पत्रकारिता पुरस्कार प्रदान गर्ने तथा पुरस्कार राशि रू. २०,०००/- कायम गर्ने ।

१४. क.व.न.पा. ८ स्थित बेलौहा शिव मन्दिर संरक्षण समितिलाई जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा दर्ता गर्ने प्रयोजनका लागि सिफारिस दिने

१६. यस कार्यालयमा २४सै घण्टा डिउटी गरेर बस्नु पर्ने कर्मचारीको राशन भत्तामा मासिक रु. १,०००/- का दरले वृद्धि गर्ने ।

## मिति २०७९/०३/२३ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ९५

बैठकका प्रस्तावहरू :

१. भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने ।
२. भूमि सम्बन्धी समस्या समाधान व्यवस्थापन सहजिकरण समिति गठन गर्ने ।
३. लगत संकलन तथा सेवा केन्द्र तोक्ने सम्बन्धमा ।
४. समसामायिक विविध ।

निर्णयहरू

१. भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि राष्ट्रिय भूमि आयोगसँग कार्य सहमती पत्रमा हस्ताक्षर गर्न अनुरोध गर्ने ।

२. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको लगत संकलन तथा प्रमाणिकरणमा सहजीकरण गर्न देहाय बमोजिमको भूमि सम्बन्धी समस्या समाधान व्यवस्थापन सहजिकरण समिति गठन गर्ने ।

| | | | |
|---|---|---|---|
| १. | श्री सुदिप पौडेल | नगर प्रमुख | संयोजक |
| २. | श्री सुनिता गुप्ता | नगर उपप्रमुख | सदस्य |
| ३. | श्री क्रियाशिल राजनीतिक दलको प्रमुख सबै | | सदस्य |
| ४. | श्री प्रेमा देवी कोरी | कार्यपालिका सदस्य (दलित महिला) | सदस्य |
| ५. | श्री शिरबिन्दु थारू | कार्यपालिका सदस्य (महिला) | सदस्य |
| ६. | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

३. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको लगत संकलन लगायतका कार्य गर्न नगरकार्यपालिका कार्यालयमा स्थानीय सेवा केन्द्र तोक्ने तथा सेवा केन्द्र प्रमुखमा अधिकृत छैठौं विनोद कुँवरलाई जिम्मेवारी दिने ।

आज्ञाले

शेषकान्त पौडेल

प्रमुख प्रशासकीय अधिकृत